## कर्णाली प्रदेशसभा नियमावली, २०८१ को नियम ११८ को उपनियम (२) बमोजिम

## विधेयकमा संशोधन प्रस्तावको एकीकृत विवरण

विधेयकको नामः स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक
(संशोधन प्रस्तावदर्ताको क्रमानुसार संशोधन प्रस्तावकर्ता माननीय सदस्यको क्रम निर्धारण गरिएको)

| क्र.सं. | संशोधन प्रस्तावकर्ता माननीय सदस्यको नाम |
|---|---|
| १. | मा.कृष्ण बहादुर जि.सी., मा.विन्दमान विष्ट, मा.दुर्ग बहादुर रावत, मा.भिम प्रकाश शर्मा |
| २. | मा.टेकराज पछाई, मा.जित बहादुर मल्ल, मा.दक्षिणा शाही, मा.कल बहादुर हमाल, मा.तुलसा मल्ल |
| ३. | मा. कल्याणी खड्का |
| ४. | मा. कृष्ण कुमार वि.सी, मा. पूर्ण बहादुर खत्री |
| ५. | मा.हिक्मत बहादुर विष्ट, मा.बलिमाया बुढा, मा.इन्द्रा कुमारी शाही, मा.लक्ष्मी सुनार, मा.देवेन्द्र बहादुर शाही, मा.खड्क बहादुर पोखेल, मा.पूर्ण बहादुर खत्री |

दफाक्रमानुसार मिलाइएका संशोधन प्रस्तावहरू

| क्र.श. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | स्थानीय सेवा (गठन तथा सञ्चालन), ऐन २०८१ लाई संशोधन गर्न बनेको विधेयकमा | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उप दफा | खण्ड | संशोधन प्रस्तावको व्यहोरा | संशोधनको कारण |
| १. | मा.हिक्मत बहादुर विष्ट, मा.बलिमाया बुढा, मा.इन्द्रा कुमारी शाही, मा.लक्ष्मी सुनार, मा.देवेन्द्र बहादुर शाही, मा.खड्क बहादुर पोखेल, मा.पूर्ण बहादुर खत्री | १ | (१) | | दफा १ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने; "(१) यस ऐनको नाम स्थानीय निजामती सेवा (गठन तथा सञ्चालन) पहिलो संशोधन ऐन २०८२ रहेको छ।" | लुम्बिनी प्रदेश सहित अन्य प्रदेशले यो व्यवस्था गरिसकेको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री<br><br>मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा | ४ | (१) | | <u>मूल ऐनको दफा ९ संशोधनः</u><br>मूल ऐनको दफा ९ को उपदफा (१) को (ख) माः<br>• खुला प्रतियोगितात्मक परीक्षाद्वाराः ६०%<br>• कार्यसम्पादन मूल्याङ्कनद्वाराः १०%<br>कायम गर्ने । | स्थायी कार्यालय सहयोगीः<br><br>स्थायी कार्यालय सहयोगीको वृत्ति विकासको लागि । |
| ३. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा | ४ | | | यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि ऐन जारी हुनुअघि प्रदेश लोकसेवा आयोगले सातौं तहमा विज्ञापन गरी सिफारिस भएका पशु चिकित्सक र पशु विकास समुहका कर्मचारीहरुलाई यसै ऐन बमोजिमको सेवा समूहको आठौं तह अनुसार तहकायम/नियुक्ति दिन बाधा गर्ने छैन । | <u>पशु चिकित्सक</u><br>मौजुदा ऐनमा पशु चिकित्सकको पदपूर्ति ८ औं तहमा हुने व्यवस्था भए पनि लोक सेवा आयोगले ऐन जारी हुनु पूर्व फरक तहमा विज्ञापन गरी सिफारिस गरेकोले उक्त तह मिलान गर्न आवश्यक भएको ।<br>क. बागमति प्रदेश निजामती सेवा अध्यादेश, २०७८ को दफा ८ (च) ले पशु चिकित्सकलाई स्वास्थ्य सेवाको चिकित्सक सरह समान पदमा पदपूर्ति गर्ने व्यवस्था गरेको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री | | | | | ख. प्रदेशमा कर्मचारी प्रशासन तहगत प्रणालीमा रहेकोले एउटै कार्यगत प्रणालीमा रहने चिकित्सकहरु (मेडिकल, डेन्टल, आयुर्वेद, युनानि) आठौं तहमा तर पशु चिकित्सकहरुलाई मात्र सातौ तहमा सेवा प्रवेश गराइदा राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा रहेको चिकित्सकहरुको पेशागत मर्यादामा एकरुपता बनाउन जरुरी रहेको छ।<br>ग. चिकित्सा शास्त्र भित्र पर्ने होमियोपेथि चिकित्सा, आयुर्वेद चिकित्सा, एलोपेथिक चिकित्सा र पशु चिकित्सामध्ये सबै चिकित्सामा स्नातक तहका लागि आवश्यक योग्यता +२ साइन्स, अवधि कम्तिमा ५ वर्ष, सम्बन्धित परिषद्को नाम दर्ता परीक्षामा पास हुनु पर्ने कुराहरु समान रहेको र अन्तर्राष्ट्रिय अभ्यास पनि यस्तै रहेको छ। सबै चिकित्सकहरु नै भएकोले पशु चिकित्सकलाई मात्र छैटौ वा सातौ तहमा सरकारले अधिकृत स्तरमा सेवा प्रवेश गराउने व्यवस्था सामान्य प्राकृतिक न्यायको सिद्धान्त अनुरुप भएको देखिदैन।<br>विभिन्न देशमा पनि पशु चिकित्सक लगायत सबै चिकित्सकहरुलाई सरकारी सेवामा दिइने सेवा प्रवेश तह, सेवा सुविधा र सर्तहरुमा समानता रहेको देखिन्छ।भारतको उच्च अदालत, दिल्लीको सन् २०१४ (WP© २७८०/२०११) को फैसलाले पनि पशु चिकित्सकहरुलाई अन्य चिकित्सक सरह समान ओहदा र तलवमान दिनु भनी आदेश गरेको देखिन्छ र सोहि अनुसार हाल भारतमा पनि एकै तह र तलवमानमा चिकित्सकहरुलाई सरकारले कानूनी र प्रशासनिक व्यवस्था |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | गरिएको देखिन्छ । |
| ४. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा | ७ | (१) | | क्रम संख्या नम्बर ३ को बुँदा (क) मा वा भन्ने शब्द पछि र पदस्थापना भएका भन्ने शब्दको अगाडी पाँचौ तहमा भन्ने शब्द थप गर्ने। | स्वास्थ्य सेवामा स्तर वृद्धी<br>पाँचौ तहमा पदस्थापन भएकालाई पनि स्पष्ट पार्न। |
| ५. | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री | ७ | (१) | | <u>मुल ऐनको दफा २६ (क) स्थानीय स्वास्थ्य सेवामा स्तरवृद्धी</u><br>३ (क) छैठौ तहमा स्तरवृद्धि भएकामध्ये वरिष्ठ पाँचौ तहमा तह मिलान वा पाँचौ तहमा पदस्थापना भएका। | स्वास्थ्य सेवामा स्तर वृद्धी<br>पाँचौ तहमा पदस्थापन भएकालाई पनि स्पष्ट पार्न। |
| ६. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा | १० | | | हटाउने | खण्ड (छ) र प्रतिबन्धात्मक वाक्याङ्‌श संशोधन सहित आवश्यक रहेको। |
| ७. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत | १० | | | मूल ऐनको दफा २९ खण्ड (छ) र प्रतिबन्धात्मक वाक्याशंमा देहाय बमोजिम संशोधन गर्नेः- | भौगोलिक क्षेत्र<br>• भौगोलिक क्षेत्र नराख्दा दुर्गममा कोही कर्मचारी जान नपर्ने र सेवा प्रवाहमा समस्या आउने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मा.भिम प्रकाश शर्मा<br><br>मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री | | | | बढुवाको लागि दफा २४ को उपदफा (१) बमोजिम "क" वर्गको भौगोलिक क्षेत्रमा कम्तिमा एक वर्ष वा "ख" वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा दुई वर्ष सेवा अवधि पूरा नगरेको।<br>तर यो ऐन जारी हुनुभन्दा अगाडि नियुक्ति भएका कर्मचारीहरुलाई एकपटक र सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूह र तहका कर्मचारीलाई बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बाधा पर्ने छैन। | समायोजन भएका कर्मचारीहरुलाई एकपटकको लागि स्तरवृद्धि र बढुवाको व्यवस्था गरेको तर संघीय लोकसेवाको सिफारिसमा नियुक्ति भएका कर्मचारीहरुको हकमा भौगोलिक क्षेत्र क र ख को रुजु हाजिर हुनुपर्ने व्यवस्था न्यायोचित नभएको। |

[क्रम संख्या १ देखि ७ सम्म परेका संशोधन प्रस्तावका अतिरिक्त "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको विधेयक"का विषयमा सम्वद्ध नभएका विषय उपर माननीय सदस्यज्यूहरुबाट प्राप्त भएका प्रस्तावहरु]

| क्र.श. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | प्रस्तावना/दफा | उप दफा | खण्ड | संशोधन प्रस्तावको व्यहोरा | संशोधनको कारण |
|---|---|---|---|---|---|---|
| ८. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा | ३ | (२) थप | | समायोजन ऐन बमोजिम स्थानीय तहको सहायकस्तर चौथो तहमा समायोजन भएका र २०७६ को लोकसेवा आयोगबाट स्थानीय चौथो तहको पदमा पदपूर्तिको लागि सिफारिस भई नियुक्ति भएका स्थानीय स्वास्थ्य सेवा बाहेकका पाँच वर्ष सेवा अवधि र सहायकस्तर चौथो तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेका कर्मचारीलाई यो ऐन प्रारम्भ भए पश्चात एक पटकको लागि अख्तियारवालाले सहायकस्तर पाँचौं तह कायम गर्नुपर्नेछ र यो ऐन प्रारम्भ हुनुभन्दा अघि आयोगले सम्बन्धित सेवा समूह वा उपसमूहको पाँचौ तहमा बढुवाको लागि छुट्याएको पदसंख्या स्वतः खारेज हुनेछ।" | चौथो तह<br>• स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई एकपटकको लागि पाँचौ तह कायम गरिसकिएको ।<br>• संघीय लोकसेवा आयोगबाट सिफारिस भई २०७६ सालमा नियुक्ति भएका कर्मचारीहरुलाई समेत समानता ल्याइ उत्प्रेरित गर्न उल्लिखित व्यवस्था राखुपर्ने ।<br>• बढुवा हुन ३ वर्ष सेवा अवधि पश्चात फाइल पेश गर्नुपर्नेमा लामो समयसम्म ऐन जारी नहुँदा बढुवाबाट वञ्चित भएकोले र बढुवाको सिटमा समेत खुला पदपूर्ति भइसकेकोले प्रोत्साहन स्वरुप उक्त व्यवस्था गर्नुपर्ने ।<br>अन्य प्रदेशमा समेत यो व्यवस्था कायम भइसकेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री | ३ | (२) थप | | मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को उपदफा (७) मा देहाय बमोजिम संशोधन गर्ने-<br>"(७) समायोजन ऐन बमोजिम स्थानीय तहको सहायकस्तर चौथो तहमा समायोजन भएका र आयोग गठन हुनुपूर्व लोक सेवा आयोगबाट स्थानीय तहको चौथो तहको पदमा पदपूर्तिको लागि सिफारिस भई नियुक्ति भएका स्थानीय स्वास्थ्य सेवा बाहेकका पाँच वर्ष सेवा अवधि र सहायकस्तर चौथो तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको कर्मचारीलाई यो ऐन प्रारम्भ भए पश्चात एक पटकको लागि अख्तियारवालाले सहायकस्तर पाँचौं तह कायम गर्नुपर्नेछ र यो ऐन प्रारम्भ हुनुभन्दा अघि आयोगले सम्बन्धित सेवा समूह वा उपसमूहको पाँचौ तहमा बढुवाको लागि छुट्याएको पदसंख्या स्वतः खारेज हुनेछ।" | चौथो तह<br>• स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई एकपटकको लागि पाँचौ तह कायम गरिसकिएको ।<br>• संघीय लोकसेवा आयोगबाट सिफारिस भई २०७६ सालमा नियुक्ति भएका कर्मचारीहरुलाई समेत समानता ल्याई उत्प्रेरित गर्न उल्लिखित व्यवस्था राख्नुपर्ने ।<br>• बढुवा हुन ३ वर्ष सेवा अवधि पश्चात फाइल पेश गर्नुपर्नेमा लामो समयसम्म ऐन जारी नहुँदा बढुवाबाट वञ्चित भएकोले र बढुवाको सिटमा समेत खुला पदपूर्ति भइसकेकोले प्रोत्साहन स्वरुप उक्त व्यवस्था गर्नुपर्ने ।<br>• अन्य प्रदेशमा समेत यो व्यवस्था कायम भइसकेको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०. | मा. कल्याणी खड्का | ३ | (२) थप | | मूल ऐनको दफा ८ को उपदफा (७) बमोजिम पाँचौ तह कामय भएका कर्मचारीहरु सो भन्दा माथिल्लो तहमा स्तर वृद्धि र बढुवा प्रयोजनका लागि समायोजन हुनु पूर्व राजपत्र अनंकीत द्धितीय श्रेणीमा नियुक्ती भएको मितिले पाँच वर्ष सेवा अवधी पूरा भएको मिति देखि जेष्ठता कायम गरी सेवा अवधी गणना गरिनेछ।" | १. समयमा नै ऐन जारी हुन नसक्दा लामो समयदेखि एउटै सेवामा सेवारत रहेका कर्मचारीहरुको वृत्ति विकास रोकिएको<br>२. कर्णाली प्रदेश लोकसेवा आयोगले विभिन्न समयमा विज्ञापन गरी जेष्ठता तथा कार्य सम्पादन मूल्यांकनबाट हुने बढुवा नगरी खुला प्रतिस्पर्धाबाट मात्र पदपूर्ती गर्दा योग्यता पूरा गरेका कर्मचारीहरु पनि बढुवा हुनबाट बञचित भई कनिष्टमा परेको हुँदा ।<br>३. ऐनको दफा ८ को उपदफा ७ मा समायोजन ऐन बमोजिम स्थानीय तहमा सहायक स्तर चौथो तहमा समायोजन भएका कर्मचारीलाई यो ऐन प्रारम्भ हुँदाका बखत सहायक स्तर चौंथो तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेको र पाँच वर्ष सेवा अवधि पूरा गरेको भए एक पटकका लागि अख्तियारवालाले सहायक स्तर पाँचौ तहमा तह कायम गरिदिनेछ भनी उल्लेख भएको तर पाँच वर्ष भन्दा माथि सेवा अवधि पूरा भएको कर्मचारीको जेष्ठताका सम्बन्धमा कुनै कुरा उल्लेख नभई ५ वर्ष अगाडी सेवा प्रवेश गर्ने र ५ वर्ष पछाडी सेवा प्रवेश गर्ने कर्मचारी एउटै मितिबाट तह कायम हुदा कर्मचारीको जेष्ठताक्रम नै भंग हुने भएकोले<br>४. ऐन सबै कर्मचारीहरुका लागि समान हुनु पर्ने हो तर कर्णाली प्रदेशको स्थानीय सेवा ऐन २०८१ ले अधिकृत स्तरका कर्मचारीहरु लाई तह कायम गर्दा जेष्ठता प्रदान गरेको र सहायक स्तरका कर्मचारीको तह कायम गर्दा जेष्ठता नदिई असमानता सिर्जना गरेको।<br>५. लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन २०८१ को दफा ३१ को उपदफा ८ मा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय सेवाको चौथो तहमा समायोजन भएका र समायोजनका बखत सेवा अवधि अपुग भई तह वृद्धि हुन नसकेका कर्मचारीहरुलाई चौथो तहको लागि आवश्यक पर्ने सेवा, समूहसँग सम्बन्धित न्युनतम शैक्षिक योग्यता हाँसिल गरेका र पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई पाँच वर्ष सेवा अवधि पूरा भएको मिति देखि जेष्ठता कायम हुने गरी पाँचौ तहमा एक पटकका लागि तह वृद्धि गरिनेछ । भन्ने उल्लेख भएको तर कर्णाली प्रदेशको स्थानीय सेवा ऐन २०८१ मा पाँच वर्ष सेवा अवधि पूरा भएको मितिबाट जेष्ठता कायम गरिने व्यहोरा उल्लेख नभएको हुँदा एउटै ऐनबाट फरक प्रदेशमा समायोजन भएका कर्मचारीहरुमा समानता कायम गराउन आवश्यक भएकोले। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा | ३ | (३)<br>थप | | यस ऐनको अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पाँच वर्ष सेवा अवधि र सहायकस्तर पाँचौ तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको "सहायक स्तर पाँचौ तहको कम्प्यूटर अपरेटरलाई यो ऐन प्रारम्भ भए पश्चात अख्तियारवालाले स्थानीय प्रशासन सेवाको अधिकृत छैठौं तहको पदमा स्तरवृद्धि गरी तह कायम गरिदिनेछ। सहायकस्तर चौथो तहको सहायक कम्प्यूटर अपरेटरलाई स्थानीय प्रशासन सेवाको सहायकस्तर पाँचौ तहको पदमा तह कायम गरी पद मिलान गरिदिनेछ र यो ऐन प्रारम्भ हुनुभन्दा अघि लोक सेवा आयोगले पाँचौ तहको कम्प्यूटर अपरेटर पदमा बढुवाको लागि छुट्याएको पदसंख्या स्वतः खारेज हुनेछ । यसरी पद कायम भएका कर्मचारीको साविकको पद स्वतः खारेज हुनेछ र यो ऐन प्रारम्भ भए पश्चात "सहायक स्तर पाँचौ तहको कम्प्यूटर अपरेटर र सहायकस्तर चौथो तहको सहायक कम्प्यूटर अपरेटर" पदमा स्थायी पदपूर्ति गरिने छैन र उक्त पदको दरबन्दी प्रशासन सेवामा मिलान हुनेछ। | कम्प्यूटर अपरेटर<br>• यसै ऐनमा ऐन प्रारम्भ भएको मितिबाट विविध सेवा (कम्प्यूटर अपरेटर) पदमा विज्ञापन नगर्ने व्यवस्था रहेको ।<br>• संघीय निजामती ऐनमा कम्प्यूटर अपरेटर पदमा कार्यरत कर्मचारी प्रशासन सेवा सामान्य प्रशासन समूहमा पदोन्नती हुने व्यवस्था रहेकोले ।<br>• कर्णाली प्रदेशका कुनै पनि नगरपालिकामा कम्प्यूटर अपरेटरको दरवन्दी नभएकाले कम्प्यूटर अपरेटर कर्मचारीहरु नगरपालिका वा भौगोलिक क्षेत्र ग मा सेवा अवधिभर पनि सरुवा हुन बाट बञ्चित हुने भएकाले ।<br>• नगरपालिकामा सहायक कम्प्यूटर अपरेटर चौथोको दरबन्दी रहेको र अहिले को ऐन अनुसार उनीहरु पाचौमा बढुवा हुँदा प्रशासनमा जाने व्यवस्था भएको ।<br>• अन्य प्रदेशले छैठौ देखिनै प्रशासन सेवामा समायोजन/पदमिलान गरिसकेकोले।<br>• संघीय ऐनमा अन्तर प्रदेश सरुवा व्यवस्था गर्दा कर्णाली प्रदेश बाट अन्य प्रदेश घर पायक सरुवा हुँदैन किन की अरु प्रदेशले प्रशासनमा मिलान गरिसकेकोले।<br>• कम्प्यूटर अपरेटर लाई प्रशासन लिदा कुनै (नियुक्ती प्रकिया, सेवा समुह) मा असर नगर्ने किनभने कम्प्यूटर अपरेटर पद स्वतः प्रशासन कायम हुन्छ। त्यसपछि कम्प्यूटर अपरेटर नखुल्ने व्यवस्था छ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२. | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री | ३ | (३) थप | | <u>मूल ऐनको दफा ८ मा संशोधनः</u><br>मूल ऐनको दफा ८ को उपदफा (७) मा (७क) खण्ड थप गर्नुपर्ने ।<br>यस ऐनको अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पाँच वर्ष सेवा अवधि र सहायकस्तर पाँचौ तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको "सहायक स्तर पाँचौ तहको कम्प्यूटर अपरेटरलाई यो ऐन प्रारम्भ भए पश्चात अख्तियारवालाले स्थानीय प्रशासन सेवाको अधिकृत छैठौं तहको पदमा स्तरवृद्धि गरी तहकायम गरिदिनेछ र सहायकस्तर चौथो तहको सहायक कम्प्यूटर अपरेटरलाई स्थानीय प्रशासन सेवाको सहायकस्तर पाँचौ तहको पदमा तहकायम गरी पद मिलान गरिदिनेछ र यो ऐन प्रारम्भ हुनुभन्दा अघि आयोगले पाँचौ तहको कम्प्यूटर अपरेटर पदमा बढुवाको लागि छुट्याएको पदसंख्या स्वतः खारेज हुनेछ ।<br><br>यसरी पद कायम भएका कर्मचारीको साविकको पद स्वतः खारेज हुनेछ र यो ऐन प्रारम्भ भए पश्चात "सहायक स्तर पाँचौ तहको कम्प्यूटर अपरेटर र सहायकस्तर चौथो तहको सहायक कम्प्यूटर अपरेटर" पदमा स्थायी पदपूर्ति गरिने छैन र उक्त पदको दरबन्दी प्रशासन सेवामा मिलान हुनेछ। | कम्प्यूटर अपरेटर<br>• यसै ऐनमा ऐन प्रारम्भ भएको मितिबाट विविध सेवा (कम्प्यूटर अपरेटर) पदमा विज्ञापन नगर्ने व्यवस्था रहेको ।<br>• संघीय निजामती ऐनमा कम्प्यूटर अपरेटर पदमा कार्यरत कर्मचारी प्रशासन सेवा सामान्य प्रशासन समूहमा पदोन्नती हुने व्यवस्था रहेकोले ।<br>• कर्णाली प्रदेशका कुनै पनि नगरपालिकामा कम्प्यूटर अपरेटरको दरवन्दी नभएकाले कम्प्यूटर अपरेटर कर्मचारीहरु नगरपालिका वा भौगोलिक क्षेत्र ग मा सेवा अवधिभर पनि सरुवा हुन बाट बञ्चित हुने भएकाले ।<br>• नगरपालिकामा सहायक कम्प्यूटर अपरेटर चौथो को दरबन्दी रहेको र अहिले को ऐन अनुसार उनिहरु पाचौमा बढुवा हुदा प्रशासनमा जाने व्यवस्था भएको ।<br>• अन्य प्रदेशले छैठौ देखिनै प्रशासन सेवामा समायोजन/पदमिलान गरिसकेकोले।<br>• संघीय ऐनमा अन्तर प्रदेश सरुवा व्यवस्था गर्दा कर्णाली प्रदेश बाट अन्य प्रदेश घर पायक सरुवा हुदैन किन कि अरु प्रदेशले प्रशासनमा मिलान गरिसकेकोले।<br>• कम्प्यूटर अपरेटर लाई प्रशासन लिदा कुनै (नियुक्ती प्रकिया, सेवा समूह) मा असर नगर्ने किनभने कम्प्यूटर अपरेटर पद स्वयः प्रशासन कायम हुन्छ। त्यसपछि कम्प्यूटर अपरेटर नखुल्ने व्यवस्था छ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा | ३ | (४)<br>थप | | साविक स्थानीय निकाय (जि.वि.स र गा.वि.स) मा मुखिया पदमा बहाल रही समायोजन ऐन अनुसार स्थानीय तहको सहायकस्तर तृतीय तहमा समायोजन भएका र सहायकस्तर दोस्रो तहको पदमा बहाल रही समायोजन ऐन अनुसार स्थानीय तहको समान स्तरको पदमा समायोजन भएका कर्मचारीलाई यो ऐन प्रारम्भ हुँदाका बखत सहायक स्तर चौथो तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता पुगेको भए ऐन प्रारम्भ भएको मितिबाट लागू हुने गरी एक पटकको लागि अख्तियारवालाले सहायकस्तर चौथो तह कायम गरिदिनेछ। | मुखिया<br>साविक घरेलु तथा साना उद्योग विकास समितिमा कार्यरत मुखिया पदका कर्मचारीहरुलाई समेटेको तर जि. वि.स. र गा.वि.स. मा कार्यरत समान नियुक्ति र पदका कर्मचारी वृत्ति विकासबाट बञ्चित भएकोले साविक स्थानीय निकायमा मुखिया पदमा भनेर सम्बोधन गर्दा सबैलाई न्यायोचित हुने देखिन्छ । |
| १४. | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री | ३ | (४)<br>थप | | <u>मूल ऐनको दफा ८ मा संशोधनः</u> मूल ऐनको दफा ८ को उपदफा (८) पछि देहायको उपदफा (८क), थप्ने-<br>(८क) साविक स्थानीय निकाय (जि.वि.स र गा.वि.स) मा मुखिया पदमा बहाल रही समायोजन ऐन अनुसार स्थानीय तहको सहायकस्तर तृतीय तहमा समायोजन भएका र सहायकस्तर दोस्रो तहको पदमा बहाल रही समायोजन ऐन अनुसार स्थानीय तहको समान स्तरको पदमा समायोजन भएका कर्मचारीलाई यो ऐन प्रारम्भ हुँदाका बखत सहायक स्तर चौथो तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता पुगेको भए ऐन प्रारम्भ भएको मितिबाट लागू हुने गरी एक पटकको लागि अख्तियारवालाले सहायकस्तर चौथो तह कायम गरिदिनेछ। | मुखिया<br>साविक घरेलु तथा साना उद्योग विकास समितिमा कार्यरत मुखिया पदका कर्मचारीहरुलाई समेटेको तर जि.वि.स. र गा.वि.स. मा कार्यरत समान नियुक्ति र पदका कर्मचारी वृत्ति विकासबाट बञ्चित भएकोले साविक स्थानीय निकायमा मुखिया पदमा भनेर सम्बोधन गर्दा सबैलाई न्यायोचित हुने देखिन्छ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५. | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री | ३ | (५) थप | | <u>मूल ऐनको दफा ८ मा संशोधनः</u> मूल ऐनको दफा ८ को उपदफा (८क) पछि देहायको उपदफा (८ख), थप्ने-<br>(८ख) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम अधिकृत स्तर छैटौ तहमा समायोजन भएका कम्प्यूटर अधिकृतको हकमा स्थानीय प्रशासन सेवा र स्थानीय तहको अन्य सेवाको हकमा सम्वन्धित सेवा, समूह वा उपसमूहको सातौ तहमा बढुवाको लागि चाँहिने न्यूनतम शैक्षिक योग्यता र पाँच वर्ष सेवा अवधि पुगेको भए एक पटकको लागि यो ऐन प्रारम्भ भए पश्चात अख्तियारवालाले स्थानीय सेवाको सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र सातौं तह कायम गरिदिनेछ।"<br>(८ग) उपदफा (८ख) बमोजिम तह कायम भएका कर्मचारीको साविकको समायोजन हुँदाको पद र यो ऐन प्रारम्भ हुनुभन्दा अघि आयोगले सम्बन्धित समूह वा उपसमूहको सातौं तहमा बढुवाको लागि छुट्याएको पदसंख्या स्वतः खारेज हुनेछ।" | समायोजन छैठौंः<br><br>समायोजन छैठौंलाई सातौं तह कायम गर्नुपर्ने ।<br><br>दफा ८ को उपदफा (१), (२) र (३) बमोजिम समायोजन भएका कर्मचारी तहवृद्धि भइसकेको हुँदा सो बमोजिम समायोजन भएको छैठौं तहलाई सातौं तह कायम गर्नुपर्ने ।<br><br>लुम्बिनी प्रदेशमा समेत व्यवस्था भईसकेको। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा | ३ | (५) थप | | कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम अधिकृत स्तर छैटौ तहमा समायोजन भएका कम्प्यूटर अधिकृतको हकमा स्थानीय प्रशासन सेवा र स्थानीय तहको अन्य सेवाको हकमा सम्वन्धित सेवा, समूह वा उपसमूहको सातौ तहमा बढुवाको लागि चाँहिने न्यूनतम शैक्षिक योग्यता र पाँच वर्ष सेवा अवधि पुगेको भए एक पटकको लागि यो ऐन प्रारम्भ भए पश्चात अख्तियारवालाले स्थानीय सेवाको सम्बन्धित सेवा, समूह वा उपसमूहभित्र सातौं तह कायम गरिदिनेछ।" | समायोजन छैठौंः<br>समायोजन छैठौलाई सातौं तह कायम गर्नुपर्ने ।<br>दफा ८ को उपदफा (१), (२) र (३) बमोजिम समायोजन भएका कर्मचारी तह वृद्धि भइसकेको हुँदा सो बमोजिम समायोजन भएको छैठौं तहलाई सातौं तह कायम गर्नुपर्ने ।<br>लुम्बिनी प्रदेशमा समेत व्यवस्था भईसकेको । |
| १७. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा | ३ | (६) थप | | उपदफा (५) बमोजिम तह कायम भएका कर्मचारीको साविकको समायोजन हुँदाको पद र यो ऐन प्रारम्भ हुनुभन्दा अघि लोक सेवा आयोगले सम्बन्धित समूह वा उपसमूहको सातौं तहमा बढुवाको लागि छुट्याएको पदसंख्या स्वतः खारेज हुनेछ।<br>उपदफा (५) पछी देहायको प्रतिवन्धात्मक वाक्य थप्नुपर्नेः<br>"यस ऐनको अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा सहायकस्तर चौथो र पाँचौ तहमा समायोजन भइ स्तरवृद्धि वा तहकायम भएका कर्मचारीहरुको हकमा नियुक्ति मितिले पाँच वर्ष पुगेको मितिदेखि जेष्ठता लागु हुनेछ"। | समायोजन भएका चौथो र पाँचौ तहका कर्मचारीहरुको हकमा<br>१. समयमै ऐन जारी हुन नसक्दा लामो समय देखि एउटै तहमा सेवारत रहेका कर्मचारीहरुको वृत्ति विकास रोकिएको<br>२. कर्णाली प्रदेश लोक सेवा आयोगले विभिन्न समयमा विज्ञापन गरी कार्य सम्पादन मूल्याङ्कन बाट हुने बढुवा नगरी खुल्ला पदपूर्ति गरेको कारण बढुवा हुनबाट बन्चित भएको<br>३. ऐनको दफा ८ को उपदफा (७) मा समायोजन ऐन बमोजिम स्थानीय तहमा सहायक स्तर चौथो तहमा समायोजन भएका कर्मचारीलाई यो ऐन प्रारम्भ हुँदाका बखत सहायक स्तर चौथो तहका लागि आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यता हाँसिल गरेको र पाँच वर्ष सेवा अवधि पूरा गरेको भए एक पटकका लागि अख्तियारवालाले सहायक स्तर पाँचौ तहमा तह कायम गरिदिनेछ भनी उल्लेख भएको तर पाँच वर्ष भन्दा माथि सेवा अवधि पूरा भएको कर्मचारीको जेष्ठताका सम्बन्धमा कुनै कुरा उल्लेख नभई अन्योलता सिर्जना भएकोले ।<br>४. ऐनको दफा ८ को उपदफा ४ मा उपदफा (१२) र (३) बमोजिम तह कायम गर्दा २०७७ फाल्गुण ६ गते देखि जेष्ठता कायम हुने गरी गर्नु पर्नेछ भनी उल्लेख भएको तर सोही दफाको उप दफा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | (७) बमोजिम तह कायम हुने कर्मचारीको जेष्ठतामा अन्यौलता सिर्जना भएको।<br>५. लुम्बिनी स्थानीय निजामती सेवा ऐन २०८१ को दफा ३१ को उपदफा (८) मा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा चौथो तहमा समायोजन भएका र समायोजनका बखत सेवा अवधि अपुग भई तह वृद्धि हुन नसकेका कर्मचारीहरुलाई चौथो तहको लागि आवश्यक पर्ने सेवा समुहसँग सम्बन्धित न्युनतम शैक्षिक योग्यता हाँसिल गरेका र पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई पाँच वर्ष सेवा अवधि पूरा भएको मिति देखि जेष्ठता कायम हुने गरी पाँचौ तहमा एक पटकका लागि तह वृद्धि गरिनेछ भन्ने उल्लेख भएको तर कर्णाली प्रदेशको स्थानीय सेवा ऐन २०८१ मा पाँच वर्ष सेवा अवधि पूरा भएको मितिबाट जेष्ठता कायम गरिने व्यहोरा उल्लेख नभएको हुँदा एउटै ऐनबाट फरक प्रदेशमा समायोजन भएका कर्मचारीहरुमा समानता कायम गराउनका लागि। |
| १८. | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री | ३ | (६) थप | | प्रतिवन्धात्मक वाक्य थप्नुपर्नेः<br>यस ऐनको अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा सहायकस्तर चौथो र पाँचौ तहमा समायोजन भइ स्तरवृद्धि वा तहकायम भएका कर्मचारीहरुको हकमा नियुक्ति मितिले पाँच वर्ष पुगेको मितिदेखि जेष्ठता लागू हुने गरी सेवा अवधी गणना हुनेछ । | समायोजन भएका चौथो र पाँचौ तहका कर्मचारी हरुको हकमा<br>१. समयमै ऐन जारी हुन नसक्दा लामो समयदेखि एउटै तहमा सेवारत रहेका कर्मचारीहरुको वृत्ति विकास रोकिएको।<br>२. कर्णाली प्रदेश लोक सेवा आयोगले विभिन्न समयमा विज्ञापन गरी कार्य सम्पादन मुल्याङ्कन बाट हुने बढुवा नगरी खुल्ला पदपुर्ति गरेको कारण बढुवा हुनबाट बन्चित भएको<br>३. ऐनको दफा ८ को उपदफा (७) मा समायोजन ऐन बमोजिम स्थानीय तहमा सहायक स्तर चौथो तहमा समायोजन भएका कर्मचारीलाई यो ऐन प्रारम्भ हुँदाका बखत सहायक स्तर चौथो तहका लागि आवश्यक पर्ने न्युनतम शैक्षिक योग्यता हाँसिल गरेको र पाँच वर्ष सेवा अवधि पूरा गरेको भए एक पटकका लागि अख्तियारवालाले सहायक स्तर पाँचौ तहमा तह कायम गरिदिनेछ भनी उल्लेख भएको तर पाँच वर्ष भन्दा माथि सेवा अवधि पूरा भएको कर्मचारीको जेष्ठताका सम्बन्धमा कुनै कुरा उल्लेख नभई अन्योलता सिर्जना भएकोले । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | ४. ऐनको दफा ८ को उपदफा (४) मा उपदफा (१२) र (३) बमोजिम तह कायम गर्दा २०७७ फाल्गुण ६ गते देखि जेष्ठता कायम हुने गरी गर्नु पर्नेछ भनी उल्लेख भएको तर सोही दफाको उप दफा ७ बमोजिम तह कायम हुने कर्मचारीको जेष्ठतामा अन्यौलता सिर्जना भएको।<br>५. लुम्बिनी स्थानीय निजामती सेवा ऐन २०८१ को दफा ३१ को उपदफा ८ मा कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा चौथो तहमा समायोजन भएका र समायोजनका बखत सेवा अवधि अपुग भई तह वृद्धि हुन नसकेका कर्मचारीहरुलाई चौथो तहको लागि आवश्यक पर्ने सेवा समुह सँग सम्बन्धित न्युनतम शैक्षिक योग्यता हाँसिल गरेका र पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई पाँच वर्ष सेवा अवधि पूरा भएको मिति देखि जेष्ठता कायम हुने गरी पाँचौ तहमा एक पटकका लागि तह वृद्धि गरिनेछ भन्ने उल्लेख भएको तर कर्णाली प्रदेशको स्थानीय सेवा ऐन २०८१ मा पाँच वर्ष सेवा अवधि पूरा भएको मितिबाट जेष्ठता कायम गरिने व्यहोरा उल्लेख नभएको हुदा एउटै ऐनबाट फरक प्रदेशमा समायोजन भएका कर्मचारीहरुमा समानता कायम गराउनका लागि। |
| १९. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा<br><br>मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट, | ३ | (७)<br>थप | | दफा ३ को ३ (ङ) सँग सम्बन्धितः<br>सहायक चौथो अनमीको हकमा बढुवा हुनको लागि सम्भाव्य उम्मेदवाको योग्यता पुगेमा जनरल नर्सिङ समूहमा पाँचौ  तह स्टाफ नर्समा पनि बढुवा आन्तरिक, अन्तरसमूह पाउने छन्। अनमीले मिडवाफरी पढी परिषद्मा दर्ता भएमा मिडवाफरीको लागि पनि बढुवाको सम्भाव्य उम्मेद्वार हुन सक्नेछन। | अनमीः अनमीको स्वास्थ्य सेवाको समूहमा बढुवा गर्ने दरवन्दी नभएको र स्टाफ नर्स र मिडवाफरी समूहमा बढुवा हुन शैक्षिक योग्यता कार्यक्षेत्र एकै रहेको उक्त समूहमा बढुवा (ज्येष्ठता, कार्यक्षमता, आन्तरिक प्रतियोगिता, अन्तर समूह) हुन सक्ने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री | | | | | |
| २०. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा | ३ | (८) थप | | मूल ऐनको दफा ८ को उपदफा (४) मा उपदफा पछाडिको (१) शब्द झिक्ने र<br>प्रतिबन्धात्मक वाक्य थप्ने<br>तर उपदफा (१), (२) र (३) बमोजिम सातौं तह कायम गर्दा छैठौं तहको शुरु नियुक्ति मितिदेखि जेष्ठता कायम गरिनेछ।<br>उपदफा ५ मा उपदफा पछाडिको (१) शब्द झिक्ने र<br>प्रतिबन्धात्मक वाक्य थप्ने<br>तर यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा ((१), (२) र (३) बमोजिम सातौं तह कायम भएका कर्मचारीहरुको बढुवा प्रयोजनका लागि छैठौं तहमा पदस्थापना भएको मितिदेखि सातौं तहको सेवा अवधि गणना हुनेछ। | नियुक्ति मिति कायम<br>• अन्य प्रदेशमा नियुक्ति मितिदेखि जेष्ठता कायम भइसकेको ।<br>• अन्तरप्रदेश सरुवा हुँदा कर्णालीमा कार्यरत कर्मचारी अन्य प्रदेशको भन्दा जुनियर हुने ।<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सुरु मिति देखि सातौं तह कायम गर्ने सकिने निर्णय गरेको। |
| २१. | मा. कृष्ण कुमार वि.सी,<br>मा. पूर्ण बहादुर खत्री | ३ | | | मूल ऐनको दफा ८ को उपदफा (४) उपदफा (१) बमोजिम सातौं तह कायम गर्दा छैठौ तहमा शुरु नियक्ति मितिदेखि लागु हुनेगरी र उपदफा (२), (३) बमोजिम सातौ तह | • लोक सेवा आयोगको अधिकृत छैठौं तहको विज्ञापनको आधार २०७६।०२।०१ गतेको मन्त्रिपरिषद्को निर्णय हो । त्यतिबेला लोक सेवा आयोगको खुल्ला प्रतियोगितात्मक परीक्षा को विज्ञापन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | कायम गर्दा सम्वत् २०७७।११।०६ गते देखि ज्येष्ठता लागु हुने गरी सातौ तह कायम गर्नु पर्नेछ उपदफा (१) बमोजिमको कर्मचारीहरुको हकमा छैठौ तहमा शुरु नियुक्ति मिति देखि सातौ तहको ज्येष्ठता गणना हुनेछ । | गरी नियुक्ति गर्दा अधिकृत स्तर छैठौं तहको परीक्षा प्रणाली बमोजिम गर्ने र स्थानीय सेवा ऐन आएपछि सातौ कायम गरिने छ भन्ने निर्णय भएको हो । संघीय तहको मन्त्रिपरिषद्ले गरेको र तत्कालिन सचिव प्रमाणित निर्णय सार्वजनिक प्रशासनमा कानून सरह लागू हुने अभ्यास रहेको छ ।<br>नेपालमा सार्वजनिक प्रशासन ऐन २०७७ को दफा ४(१) मा उल्लेख छ कि) नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय कानून सरह मानिनेछ र सोही अनुसार पालना गरिनुपर्नेछ । यसको मतलब मन्त्रिपरिषद्को निर्णय बाध्यकारी हुन्छ र कार्यान्वयनको लागि कानूनी हैसियत राख्छ । अर्कोतिर नेपालको संविधानमा संघीय सरकारको कानून निर्णय विपरित कुनै कानून बनायो वा कार्यान्वयन गर्यो भने सो कानून स्वतः बदर हुन्छ भनिएको छ । प्रदेश सरकारले बाझिने कानून बनायो भने सघीय कानूनलाई प्राथमिकता दिइनेछ भन्ने उल्लेख छ । |
| २२. | मा. कृष्ण कुमार वि.सी,<br>मा. पूर्ण बहादुर खत्री | ३ | | | मूल ऐनको दफा ८ को उपदफा (५) को (१) बमोजिम सातौं तह कायम भएका कर्मचारीहरुको बढुवा तथा स्तरबृद्धि प्रयोजनका लागि सातौ तहमा जेष्ठता लागू मितिदेखि सेवा अवधि गणना हुनेछ । | नेपालको संविधानले प्रत्येक कर्मचारीलाई समान अवसरको हक प्रदान गर्दछ ।<br>• यदि सातौं तह कायम भएको मिति २०७६ भए तापनि पदस्थापनाको निर्णय २०८१ मा मात्रै हुँदा पनि उनीहरुले चार वर्ष सेवा अवधिको गणनाबाट गुमाउनुपर्ने अवस्था आउँछ भने यो कर्मचारीको लागि अन्यायपूर्ण हुन सक्छ ।<br>• सेवा अवधि गणना नियुक्ति मितिदेखि नभई पदस्थापना मितिदेखि शूरु गर्दा कर्मचारीको वृत्ति विकास ढिलो हुने देखिन्छ।<br>• बढुवा, सेवा सुविधा, अवकाशको मिति, पेन्सन, ग्रेड वृद्धि जस्ता कुरामा ढिलाई हुने भएकोले कर्मचारीको हित विपरित हुन्छ।<br>• सातौं तह कायम भइसक्दा पनि त्यस अनुसार सेवा सुविधा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | नपाउनुले कर्मचारीको हकमा अन्याय हुन्छ ।<br><br>• समान पदमा रहेका अन्य प्रदेशका कर्मचारीले बढुवाको अवसर पहिले नै पाउँदा समतामूलक प्रशासनिक अभ्यासमा प्रत्यक्ष असर पर्ने देखिन्छ ।<br><br>नेपालको संविधानको धारा ३० उपधारा (१) बमोजिम प्रत्येक नागरिकलाई निष्पक्ष न्याय प्राप्त गर्ने हक छ।<br><br>• कर्मचारीहरूलाई सातौं तहमा २०७६ मा नै समायोजन गरिएको थियो भने, उनीहरूलाई २०७६ बाटै सेवा अवधि गणना नगर्ने निर्णय अन्यायपूर्ण ठहरिन सक्छ।<br>• "न्यायमा ढिलाइ गर्नु भनेको न्याय नदिनु हो" भन्ने सिद्धान्त लागू हुन्छ। यदि कर्मचारीहरूको सेवा अवधि गणना २०७६ बाट नगरी २०८१ बाट मात्र गर्ने हो भने, उनीहरू चार वर्ष पछि पारिन्छन्, जुन असंगत र अन्यायपूर्ण छ।<br><br>नेपालको संविधानको धारा १८ (१) ले प्रत्येक नागरिकलाई समानताको हक दिएको छ।<br><br>• अन्य प्रदेशहरूमा समान अवस्थामा रहेका कर्मचारीहरूलाई सातौं तह कायम भएको मितिबाटै सेवा अवधि गणना गरिएको छ भने, कर्णाली प्रदेशका कर्मचारीहरूलाई २०७६ बाट गणना नगरी २०७७ बाट मात्र सेवा अवधि लागू गर्नु असमान व्यवहार ठहरिन सक्छ।<br><br>• समग्र प्रदेशको सन्दर्भमा कर्णाली प्रदेशको लोक सेवा आयोगको कर्मचारी यस कानून बमोजिम कनिष्ठ हुने भएको।<br><br>• यदि समान सेवा, समान योग्यता, समान अवस्था भए तापनि फरक व्यवहार गरिएको छ भने, "समान कामको लागि समान सेवा सुविधा" |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | भन्ने सिद्धान्तको उल्लङ्घन हुन्छ।<br><br>नेपालको संविधानको धारा १(१) ले विधिको शासनको सिद्धान्त सुनिश्चित गरेको छ।<br><br>• सरकार स्वयंले २०७६ मा सातौं तह कायम गरिसकेको अवस्थामा, सेवा अवधि गणनामा सरकारी निर्णयमा ढिलाइ गर्दा कर्मचारीहरू कानूनी रूपमा प्रतिकूल अवस्थामा पारिन्छन्।<br>• सर्वोच्च अदालतले विगतका मुद्दाहरूमा "कानूनी रूपले स्थापित अधिकार प्रशासनिक निर्णयका कारण खोस्न मिल्दैन" भन्ने फैसला गरेको छ।<br><br>कर्णाली प्रदेशको स्थानीय सेवा ऐनले स्थानीय तहमा कार्यरत कर्मचारीहरूको सेवा शर्त, बढुवा, वृत्ति विकास जस्ता विषय सुनिश्चित गर्न बनाइएको हो।<br><br>• यदि सातौं तह २०७६ मा कायम भइसकेको हो भने, त्यसपछि पदस्थापनाको निर्णय ढिलो गरेर कर्मचारीलाई सेवा अवधि गणनामा पछाडि पार्नु ऐनको उद्देश्य विपरित ठहर्छ। |
| २३. | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही, | ३ | (८)<br>थप | | <u>दफा ८ को संशोधन</u><br>पाँचौ तहका लागि निर्धारित शैक्षिक योग्यता हासिल गरी पाँचौ तहमा स्तरवृद्धि भएका स्वास्थ्य सेवाका कर्मचारीलाई अनुसूची ३ बमोजिम सम्बन्धित समूहको पाँचौ तहको पदनाम दिइनेछ।<br>स्वास्थ्य सेवाको हकमा छैठौ तहमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन | स्वास्थ्य सेवाको स्तर वृद्धिलाई पदनामः<br>• स्वास्थ्य पाँचौको पदनाम दिई एकरुपता कायम गर्नुपर्ने।<br>• समायोजन छैटौलाई सातौ तह कायम गर्ने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री | | | | भएका स्वास्थ्य सेवाका कर्मचारीहरुलाई एक पटकका लागि सातौ तहमा तह वृद्धि गर्ने। | |
| २४. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा | ३ | (९) थप | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी हुनुपूर्व गाउँ विकास समिति, नगरपालिका, साविकको जिल्ला विकास समिति, दुर्गम क्षेत्र विकास समिति, घरेलु साना उद्योग विकास समिति र अन्य जुनसुकै सरकारी कार्यालयको स्वीकृत दरवन्दीमा नियुक्ति भई जिम्मेवारी सरी आएका स्थानीय तहमा अविच्छिन्न सेवा करारमा काम गरिरहेका सबै सेवा र समूहका कर्मचारीहरुलाई एकपटकको लागि आयोगबाट लिइने खुला प्रतियिगितात्मक परीक्षा, आन्तरिक अन्तरसेवा, प्रतियोगितात्मक परीक्षा वा आन्तरिक अन्तर समूह प्रतियोगितात्मक वा सोही दरबन्दीका लागि सीमित प्रतियोगिताको माध्यामबाट पदपूर्ति गरिनेछ। परीक्षामा सहभागी नहुने र असफल हुने कर्मचारीलाई सम्बन्धित स्थानीय तहबाट Golden Hands shake दिएर अवकाश हुनेछ ।<br>श्रेणी विहिन कर्मचारीका लागि यो नियम लागू हुने छैन र निज अवकास हुन चाहेमा सम्बन्धित स्थानीय तहबाट Golden Hands shake दिएर अवकाश हुनेछ। | २०७४ साल भन्दा अगाडि नियुक्ति भएका करार<br>• लामो समयको अनुभव प्रयोग गर्न सजिलो हुने ।<br>• सरकार प्रति अपनत्व बोध हुने ।<br>• लामो समयको सेवाको कदर हुने ।<br>• पुनः रोजगारी बन्नका लाग एकपटक मौका प्राप्त हुने ।<br>• स्थानीय स्वायत्त शासन नियमिवालीमा प्रावधान भएको र सम्मानित अदालतबाट समेत सदर गरिएको ।<br>• निजामती सेवा ऐन, २०४९ बमोजिम एकपटक यो व्यवस्था कार्यान्वयन भएकोले प्रदेशमा पनि एकपटक कार्यान्वयन गर्दा न्यायोचित हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५. | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री | ३ | (९) थप | | मूल ऐनको दफा ८ मा संशोधनः<br>मूल ऐनको दफा ८ को उपदफा ४ मा उपदफा पछाडिको (१) शब्द झिक्ने र प्रतिबन्धात्मक वाक्य थप्ने<br>तर उपदफा (१), (२) र (३) बमोजिम सातौं तह कायम गर्दा छैठौं तहको शुरु नियुक्ति मिति देखि जेष्ठता कायम गरिनेछ।<br>उपदफा ५ मा उपदफा पछाडिको (१) शब्द झिक्ने र प्रतिबन्धात्मक वाक्य थप्ने<br>तर यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा ((१), (२) र (३) बमोजिम सातौं तह कायम भएका कर्मचारीहरुको बढुवा प्रयोजनका लागि छैठौं तहमा पदस्थापना भएको मितिदेखि सातौं तहको सेवा अवधि गणना हुनेछ । | नियुक्ति मिति कायम<br>• अन्य प्रदेशमा नियुक्ति मिति देखि जेष्ठता कायम भइसकेको ।<br>• अन्तरप्रदेश सरुवा हुँदा कर्णालीमा कार्यरत कर्मचारी अन्य प्रदेशको भन्दा जुनियर हुने ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सुरु मिति देखि सातौं तह कायम गर्ने सकिने निर्णय गरेको । |
| २६. | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल, | ३ | (१०) थप | | मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को उपदफा (८ग) पछि देहायको उपदफा (८घ), थप्ने-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी हुनुपूर्व गाविस, नगरपालिका, साविकको जिविस, दुर्गम क्षेत्र विकास समिति, घरेलु साना उधोग विकास समिति र अन्य जुनसुकै सरकारी कार्यालयको स्वीकृत दरवन्दीमा नियुक्ति भई जिम्मेवारी सरी आएका स्थानीय तहमा अविच्छिन्न सेवा करारमा काम गरिरहेका सवै सेवा र समूहका कर्मचारीहरुलाई एकपटकको लागि | २०७४ साल भन्दा अगाडि नियुक्ति भएका करार<br>• लामो समयको अनुभव प्रयोग गर्न सजिलो हुने ।<br>• सरकार प्रति अपनत्व बोध हुने ।<br>• लामो समयको सेवाको कदर हुने ।<br>• पुनः रोजगारी बन्नका लागि एकपटक मौका प्राप्त हुने ।<br>• स्थानीय स्वायत्त शासन नियमावलीमा प्रावधान भएको र सम्मानित अदालतबाट समेत सदर गरिएको ।<br>• निजामती सेवा ऐन, २०४९ बमोजिम एकपटक यो व्यवस्था कार्यान्वयन भएकोले प्रदेशमा पनि एकपटक कार्यान्वयन गर्दा न्यायोचित हुने। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मा.पूर्ण बहादुर खत्री | | | | आयोगबाट लिइने खुला प्रतियोगतात्मक परीक्षा, आन्तरिक अन्तरसेवा, प्रतियोगितात्मक परीक्षा वा आन्तरिक अन्तर समूह प्रतियोगितात्मक वा त्यही दरबन्दीका लागि सिमित प्रतियोगिताको माध्यामबाट पदपूर्ति गरिनेछ । परीक्षामा सहभागी नहुने र असफल हुने कर्मचारीलाई सम्बन्धित स्थानीय तहबाट Golden Hands shake दिएर अवकास हुनेछ ।<br>श्रेणी विहिन कर्मचारीका लागि यो नियम लागु हुने छैन र निज अवकास हुन चाहेमा सम्बन्धित स्थानीय तहबाट Golden Hands shake दिएर अवकास हुनेछ । | |
| २७. | मा. कृष्ण कुमार वि.सी,<br>मा. पूर्ण बहादुर खत्री | 4 (मूल ऐनको दफा ९ मा) संशोधन | ९ पछि देहाय को उपदफा (१४ च) थप गर्ने | | (१४च) यस ऐनमा अन्यथा जुनसुकै कुरा लेखिएको भए तापनि साविकको स्थानीय स्वायत्त शासन ऐन २०५५ र सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम साविकका स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) को स्वीकृत दरबन्दीमा अस्थाई वा करार सेवामा निरन्तर कार्यरत रही स्थानीय सरकार सञ्चालन ऐन २०७४ प्रारम्भ हुँदाका बखत स्थानीय तहको स्वीकृत दरबन्दीमासमेत अविच्छिन्न रुपमा अस्थायी वा करार सेवामा कार्यरत यस ऐन बमोजिम सम्बन्धित पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई आयोगले एक पटकका लागि बिज्ञापन गरी | साविक स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको सेवा सम्बन्धि कानूनले प्रदान गरेको अधिकारलाई निरन्तरता दिई लामो समयदेखि स्थानीय सेवामा कार्यरत त्यस्ता कर्मचारीको स्थायीत्व प्रदान गर्ने ।<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९/०५/२० को परिपत्र स्थानीय सरकार सञ्चालन ऐनको दफा ८७ र सम्मानित सर्वोच्च अदालतको ०६९-WS-००६१ को अदेशको नजिर । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | त्यस्ता कर्मचारीबीच मात्र छुट्टै सिमित अन्तरिक प्रतियोगितात्मक परीक्षा गराई पदपूर्ति गर्नु पर्नेछ । उत्तीर्ण भएका कर्मचारीहरुको हकमा स्तरवृद्धि वा बढुवा प्रयोजनका लागि साविकको सेवा अवधीसमेत गणना गरिनेछ । उक्त बिज्ञापनमा उम्मेद्वार हुन त्यस्ता कर्मचारीलाई उमेरको हद लाग्ने छैन ।<br>तर यस उपखण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि परीक्षामा सहभागी नभएका र भएपनि छनोट हुन नसकेका कर्मचारीहरुको हकमा स्थानीय सरकारले तोकिए बमोजिमको विशेष सुविधा दिई अवकाश दिनेछ । | |
| २८. | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री | ५ | | | मूल ऐनको दफा २६ को उपदफा (२) हटाउनुपर्ने। | स्तरवृद्धिको लागि शैक्षिक योग्यता हटाउने।<br><br>*(कैफियतः संशोधन विधेयकको दफा ५ मा यो व्यवस्था नभएको।)* |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा | ७ | | | मूल ऐनको दफा २६ को उपदफा (२) हटाउनुपर्ने। | स्तरवृद्धिको लागि शैक्षिक योग्यता हटाउने। |
| ३०. | मा.कृष्ण बहादुर जि.सी.<br>मा.विन्दमान विष्ट<br>मा.दुर्ग बहादुर रावत<br>मा.भिम प्रकाश शर्मा | ७ | | | मूल ऐनको दफा २६ को उपदफा (७) पछिको प्रतिबन्धात्मक वाक्याङ्समा दुई महिना भित्र भन्ने शब्दको सट्टा एक महिना भित्र भन्ने शब्द राखी बाँकी मिलाउने। | ज्येष्ठता र स्तरवृद्धिः<br>• तर उपदफा (१) र (३) बमोजिमको स्तरवृद्धि एक पटकका लागि यो ऐन प्रारम्भ भएको मितिले दुई महिनाभित्र भनेकोमा संशोधन गरेको एक महिना भित्र राखेर सबैलाई समेट्नुपर्ने ।<br>सँगैको केही कर्मचारी अगाडिको मितिदेखि नै स्तरवृद्धि भइसकेकोले । |
| ३१. | मा.टेकराज पच्छाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल<br><br>मा.हिक्मत बहादुर विष्ट,<br>मा.बलिमाया बुढा,<br>मा.इन्द्रा कुमारी शाही,<br>मा.लक्ष्मी सुनार,<br>मा.देवेन्द्र बहादुर शाही,<br>मा.खड्क बहादुर पोखेल,<br>मा.पूर्ण बहादुर खत्री | ७ | (१) | | मूल ऐनको दफा २६ को उपदफा (७) मा संशोधनः<br>(७) उपदफा (१) र (३) बमोजिम स्तरवृद्धि प्रत्येक वर्षको साउन महिनाको एक गते र माघ महिनाको एक गतेदेखि लागू हुने गरी गर्नुपर्नेछ।<br>तर उपदफा (१) र (३) बमोजिमको स्तरवृद्धि एक पटकका लागि यो ऐन शंसोधन भएको मितिले एक महिनाभित्र गर्नु पर्नेछ । यसरी स्तरवृद्धि हुने कर्मचारीको हकमा सेवा अवधि पाँच वर्ष पुगेको मिति देखि जेष्ठता कायम हुने गरी स्तर वृद्धि गरिनेछ । | ज्येष्ठता र स्तरवृद्धिः<br>• तर उपदफा (१) र (३) बमोजिमको स्तरवृद्धि एक पटकका लागि यो ऐन प्रारम्भ भएको मितिले दुई महिनाभित्र भनेकोमा संशोधन गरेको एक महिना भित्र राखेर सबैलाई समेट्नुपर्ने ।<br>सँगैको केही कर्मचारी अगाडिको मितिदेखि नै स्तरवृद्धि भइसकेकोले । |

क्र.सं. १ देखि ३१ सम्मका संशोधन प्रस्तावहरू प्रदेश मामिला समितिमा छलफलका लागि स्वीकृत गर्दछु ।

(नन्दा गुरुङ्ग)
सभामुख
कर्णाली प्रदेशसभा, कर्णाली प्रदेश
मितिः २०८२/०३/०८